// प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, फागुन २२ गते, २०८० साल (अतिरिक्ताङ्क ३१

# भाग २

## लुम्बिनी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

### स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पाचौं संशोधन) नियमावली, २०८०

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस नियमावलीको नाम "प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पाँचौ संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नियम २ मा खण्ड (ट) थप गर्ने**

"(ट) निरीक्षण समिति भन्नाले नियम ७ को उपनियम (१०) को खण्ड (क) (ख) बमोजिम गठन हुने स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र वा आयुर्वेद चिकित्सालय स्तरीय समिति सम्झिनु पर्छ।

३. **<u>नियम ३ उपनियम (१) र (२) मा संशोधन</u>:**

(१) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती गर्न चाहने संस्थाले ऐनको दफा ३ बमोजिमको निकाय समक्ष देहायको विवरण र कागजातहरु सहित अनुसूची-१ र अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जिल्लामा रहेका सम्बन्धित स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य केन्द्र वा आयुर्वेद चिकित्सालयहरुले पेश भएका निवेदन तथा सबै कागजातहरुको निरीक्षण समितिबाट यस नियमावली बमोजिम सर्त तथा मापदण्ड पुगे नपुगेको सम्बन्धमा अध्ययन र स्थलगत अनुगमन, निरीक्षण गरी गराइ सर्त र मापदण्ड

पुरा भएमा तोकिएको अवधि भित्र स्वास्थ्य सेवा सञ्चालनको अनुमति दिने निकाय समक्ष पेश गर्नु पर्नेछ।

४. **<u>नियम ४ मा संशोधनः</u>** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) प्रदेशको क्षेत्राधिकार भित्रका देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, नवीकरण, स्तरोन्नति तथा नियमन लगायतका कार्य गर्न देहायका निकायले अनुमति प्रदान गर्न सक्नेछ"।

(क) **मन्त्रालय**

(१) पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल,

(२) पच्चीस शैया देखि पचास शैयासम्मका आयुर्वेद अस्पताल,

(३) पच्चीस शैयासम्मका पुनर्स्थापना केन्द्र,

(४) पच्चीस शैयासम्मका डायलासिस केन्द्र।

**निर्देशनालय**

(१) "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर (रेडियो इमेजिङ्ग सेन्टर भन्नाले एक्स रे सिटि स्क्यान र एम. आर. आई. आदी सेवा सम्झनु पर्दछ),

(२) विशेषज्ञ क्लिनिक (अलोप्याथिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सासँग सम्बन्धित विशेषज्ञ क्लिनिक,

(३) आँखा उपचार केन्द्र,

(४) हस्पिस सेन्टर (Hospice Center),

(५) विशेषज्ञ सेवा सहितको घुम्ती शिविर।

(ख) **प्रदेश जनस्वास्थ्य प्रयोगशाला**

(१) "सी" वर्गको प्रयोगशाला,

(२) रक्तसञ्चार सेवा केन्द्र तथा ब्लड बैंक,

(ग) **स्वास्थ्य कार्यालय**

(१) डेन्टल क्लिनिक, स्वास्थ्य क्लिनिक र पोलिक्लिनिक,

(२) फिजियोथेरापी सेवा।

(घ) **आयुर्वेद स्वास्थ्य केन्द्र वा आयुर्वेद चिकित्सालय**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सासँग सम्बन्धित जनरल क्लिनिक

(२) प्राकृतिक उपचार केन्द्र,

(३) योग, ध्यान तथा शारीरिक व्यायाम केन्द्र,

(४) युनानी उपचार केन्द्र,

(५) अकुपञ्चर तथा अकुप्रेसर केन्द्र।

(६) होमियोप्याथी केन्द्र

(७) स्वारिक्पा केन्द्र

५. **मूल नियमावलीमा नियम ६ को उपनियम (२), (३) र (५) को सट्टामा देहायको उपनियम (२), (३) र (५) राखिएको छ :-**

(२) उपनियम (१) बमोजिम निवेदन सम्बन्धित स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य केन्द्र वा आयुर्वेद चिकित्सालयमा प्राप्त हुन आएमा सो निकायले पेश भएका विवरणहरुको एक महिना भित्र अध्ययन तथा स्थलगत अनुगमन गर्न प्रयोजनको लागि निरीक्षण समितिलाई खटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निरीक्षण समितिले उपनियम (१) मा उल्लेखित विवरण र स्थलगत निरीक्षण समेतको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन साठी कार्यदिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(५) यस उपनियममा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय तथा निर्देशनालयले अनुमति दिने स्वास्थ्य संस्थाको सम्बन्धमा निरीक्षण समितिको प्रतिवेदनको आधारमा प्राविधिक समितिबाट पुनः अनुगमन गरी प्रतिवेदन प्राप्त भए पश्चात अनुमति प्रदान गर्न सक्नेछ।

६. **मूल नियमावलीको नियम ७ मा संशोधन:** नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) मा रहेका खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टामा देहायका खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएका छन् :-

"(क) चिकित्सासँग सम्बन्धित महाशाखा प्रमुख वा मन्त्रालयले तोकेको नवौं/ दशौं तहको अधिकृत - संयोजक

(ख) मन्त्रालयले तोकेको मेडिकल अधिकृत - सदस्य

(ग) नर्सिङ्ग अधिकृत, मन्त्रालय - सदस्य

(घ) अधिकृत, प्रशासन महाशाखा - सदस्य

(ङ) चिकित्सासँग सम्बन्धित महाशाखाको अधिकृत - सदस्य सचिव"

(२) उपनियम (५) मा रहेका खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टामा देहायका खण्ड (क), (ख) र (ग), (घ) र (ङ) राखिएका छन् :-

"(क) निर्देशकले तोकेको नवौ/दशौ तहको स्वास्थ्य सेवाको अधिकृत - संयोजक

(ख) मेडिकल अधिकृत, निर्देशनालय वा निर्देशनालय मातहतको निकायबाट प्रतिनिधि - सदस्य

(ग) नर्सिङ्ग अधिकृत - सदस्य

(घ) अधिकृत, निर्देशनालय - सदस्य

(ङ) चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखाको अधिकृत - सदस्य सचिव"

(३) उपनियम (७) पछि देहायका उपनियम (८), (९), (१०), (११) र (१२) थपिएको छः-

"(८) स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी आवश्यक अनुगमन मुल्यांकन तथा निरीक्षण गरि प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रतिवेदन सहित सिफारिस गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत देहाय बमोजिमको एक अनुगमन समिति रहने छ"।

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्रयोगशालाकर्मी - संयोजक

(ख) मेडिकल ल्यावरोटरी टेक्नोलोजिष्ट वा निर्देशकले तोकेको अधिकृतस्तरको प्रयोगशालाकर्मी - सदस्य

(ग) प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्वास्थ्य सेवाको अधिकृत - सदस्य सचिव

(९) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, नविकरण सम्बन्धी निरीक्षण समितिबाट प्राप्त सिफारिश पत्र, प्रतिवेदन तथा कागजातहरुको अध्ययन गर्ने,

(ख) स्वास्थ्य संस्थाको स्थलगत अनुगमन तथा निरीक्षण गरी जनस्वास्थ्य प्रयोगशाला समक्ष प्रतिवेदन पेश गर्ने,

(ग) ऐन, नियमावली तथा प्रचलित कानुनको अधिनमा रही स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थाबाट प्रदान गरिएको सेवाको गुणस्तर सुनिश्चित गर्ने र तोकिएका मापदण्ड बमोजिम सञ्चालन भएको नभएको जाँचबुझ गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला समक्ष सिफारिश गर्ने,

(घ) प्रदेश जनस्वास्थ्य प्रयोगशालाले तोकेका अन्य कार्य गर्ने।

(१०) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति लगायत स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न र स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति प्रदान गर्न वा नवीकरण गर्नका लागि स्वास्थ्य संस्थाको अनुगमन गरी स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद चिकित्सालय समक्ष प्रतिवेदन सहित सिफारिस गर्न देहायका निरीक्षण समिति रहनेछन् :-

(क) **स्वास्थ्य कार्यालय**

(१) कार्यालय प्रमुख वा निजले तोकेको स्वास्थ्य सेवाको अधिकृत - संयोजक

(२) पब्लिक हेल्थ नर्स - सदस्य

(३) अनुगमन तथा मूल्यांकन हेर्ने शाखाको कर्मचारी - सदस्य सचिव

(ख) **आयुर्वेद स्वास्थ्य केन्द्र वा आयुर्वेद चिकित्सालय**

(१) कार्यालय प्रमुख वा निजले तोकेको आयुर्वेद चिकित्सक/अधिकृतस्तरको कर्मचारी - संयोजक

(२) आयुर्वेद स्वास्थ्य सहायक/कविराज - सदस्य

(३) अनुगमन तथा मूल्यांकन हेर्ने शाखाको कर्मचारी - सदस्य सचिव

(११) उपनियम (१०) बमोजिमका निरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्था स्थापना वा नवीकरणको लागि स्वास्थ्य संस्थाबाट निवेदन प्राप्त हुन आएमा कागजातको अध्ययन गरी सञ्चालन अनुमति प्रदान गर्न वा नवीकरण गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा सम्बन्धित स्वास्थ्य संस्थाको कागजातहरुको अध्ययन, स्थलगत अनुगमन तथा निरीक्षण गरी सम्बन्धित स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य केन्द्र/चिकित्सालयमा प्रतिवेदन सहित सम्बद्ध निकाय (स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य

केन्द्र/आयुर्वेद चिकित्सालय) समक्ष अनुमतिको लागि सिफारिश गर्ने,

(ख) प्रचलित कानूनको अधीनमा रही स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको गुणस्तर सुनिश्चित गर्ने र तोकिएका मापदण्ड बमोजिम सञ्चालन भए नभएको जाँचबुझ गरी स्वास्थ्य कार्यालय वा आयुर्वेद स्वास्थ्य केन्द्र/चिकित्सालय समक्ष सिफारिस गर्ने,

(ग) मन्त्रालय, निर्देशनालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला वा सम्बन्धित कार्यालयले तोकेका अन्य कार्य गर्ने।"

(१२) सबै तहका निरीक्षण समिति, अनुगमन समिति तथा प्राविधिक समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ तथा मन्त्रालयको प्रतिनीधिलाई अनुगमन र समितिको बैठकमा समेत आमन्त्रण गर्न सक्नेछन्।

७. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** नियमावलीको नियम १० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

(२) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन २०७६ को दफा १० (४ क) बमोजिम निवेदन परेमा मन्त्रालयले उक्त निवेदन साथ संलग्न कार्ययोजनाको अध्ययन गरी बढीमा तीन वर्षसम्म पूर्वाधार निर्माण तथा मापदण्ड कायम गर्नको लागि समयावधि थप गर्न सक्नेछ र त्यस्तो समयावधि थपिएको संस्थाले प्रत्येक ६ महिनामा मन्त्रालयमा आफ्नो कार्य प्रगति प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

८. **<u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u>** नियमावलीको नियम ११ को उपनियम (१) मा रहेको "छ महिना" भन्ने शब्दहरूको सट्टा "एक महिना" भन्ने शब्द राखिएको छ।

९. **मूल नियमावलीको अनुसूची-६ मा संशोधनः** नियमावलीको अनुसूची-६ मा देहाय बमोजिमको विवरण थप गर्नेः-

अनुमति प्रदान गरिएको संस्थाको किसिमः

अनुमति प्रदान गरिएको सेवाहरु :

म्याद गुज्रने मितिः

१०. **मूल नियमावलीको अनुसूची-२७ मा संशोधनः** नियमावलीको अनुसूची-२७ मा स्वास्थ्य संस्था स्थापना नवीकरण वा स्तरोन्नती सम्बन्धी दस्तुरको "अस्पताल र स्वास्थ्य संस्थाको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछ" को सि.नं. ५ पछि सि.नं. ६, ७, ८ र ९ थप गरिएको छ। साथै "स्वास्थ्य संस्थाको मनसाय पत्रको दस्तुर" सि.नं. १, २ र ३ थपिएको छः-

| सि. नं. | संस्थाको किसिम | दस्तुर निर्धारण इकाई | स्थापना/स्तरोन्नतीको लागि लागि दस्तुर रू. | नविकरणका लागि वार्षिक दस्तुर रू. |
|---|---|---|---|---|
| ६. | रक्तसञ्चार केन्द्र | एकमुष्ट | ५०००।- | १०००।- |
| ७. | डायलाइसिस | प्रति शैया | ५०००।- | १०००।- |
| ८. | हस्पिस सेन्टर | प्रति शैया | ३०००।- | १०००।- |
| ९. | पुनर्स्थापना केन्द्र | प्रति शैया | ३०००।- | १०००।- |
| **स्वास्थ्य संस्थाको मनसाय पत्रको दस्तुर** | | | | |
| १. | अस्पताल | प्रति शैया | ५००।- | - |
| २. | रेडियो इमेजिङ्ग/डाइनोस्टिक सेन्टर | एकमुष्ट | ५०००।- | - |
| ३. | अन्य स्वास्थ्य संस्था | एकमुष्ट | ३०००।- | - |

आज्ञाले,
डा.जनार्दन पन्थी
प्रदेश सचिव



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय